# जिल्ला प्रशासन कार्यालय मनाङद्धारा प्रकाशित

# वार्षिक वुलेटिन

## आ.व. २०७८।७९

**सल्लाहकार**

**रविन्द्र प्रसाद आचार्य**

**प्रमुख जिल्ला अधिकारी**

**सम्पादक समूह**

सहायक प्रमुख जिल्ला अधिकारी श्री विष्णुप्रसाद ढुंगाना

नायब सुब्बा श्री गणेश न्यौपाने

# प्रमुख जिल्ला अधिकारीको भनाई



जिल्लाको समग्र शान्ति सुरक्षा एवं सुव्यवस्था कायम गर्नका लागि जिल्ला स्थित सुरक्षा निकायहरु , स्थानीय तहहरु, सरकारी तथा गैरसरकारी कार्यालयहरु , राजनैतिक दलहरु एवं नागरिक समाज लगायत विभिन्न सरोकारवाला निकायहरुको संयोजन गर्न संघीय सरकारको जिल्ला स्थित आधिकारीक प्रतिनिधिको रुपमा स्थापित संस्था /कार्यालय जिल्ला प्रशासन कार्यालय हो। यस कार्यालयले दैनिक रुपमा नागरिकता , राहदानी , विपद् व्यवस्थापन, सार्वजनिक शान्ति विरुद्धको कसुरको नियन्त्रण , उपभोक्ता हित संरक्षण लगायत विशेष ऐनले प्रत्यायोजन गरे अनुसारका अर्धन्यायिक कार्यको शुरु कारवाही र किनाराका साथै विकास निर्माणका कार्यहरुमा समन्वय र सहजीकरण आदि कार्य गर्ने गर्दछ।

मनाङ जिल्ला भौगोलिक रुपमा हिमाली जिल्ला हो। यस जिल्लाको उत्तरी क्षेत्र चिनको स्वशासीत क्षेत्र तिव्वतसँग सीमा जोडिएको छ। जसको कारण यस जिल्लाको सीमाको सुरक्षा तथा सीमा क्षेत्रमा हुने अन्तर्राष्ट्रिय आपराधिक गतिविधिको नियन्त्रण र निगरानी राख्नु मुल कार्य हो। यसको साथै जिल्लामा सुशासन कायम गर्ने र विकास निर्माणका कार्यमा आवश्यक समन्वय र सहजीकरण गर्ने कार्य पनि जिल्ला प्रशासन कार्यालयको महत्वपुर्ण कार्यको रुपमा रहेको छ।

यसै सन्दर्भमा जिल्ला प्रशासन कार्यालयले सेवाग्राहीका अधिकतम हितको लागि सञ्चालन गरेका कार्यहरुको जानकारी सम्बन्धित पक्षलाई उपलब्ध गराउँदा तथा सरोकारवाला सबैको सुचना पाउने संवैधानिक हकको प्रत्याभुतिको लागि अर्धवार्षिक बुलेटिन प्रकाशित गरिएको छ । सुचना नै शक्ति हो भन्ने मान्यतालाई आत्मसात् गर्दै बुलेटिनको माध्यमबाट हाम्रो गतिविधिलाई जनता समक्ष पुर्याउने कार्यमा सहायता मिल्नेछ भन्ने आशा समेत लिईएको छ।

यस कार्यलयबाट सम्पादन हदैँ आएका दैनिक क्रियाकलाप लगायत अन्य सिर्जनशील कार्यहरुका सम्बन्धमा सरोकारवालाहरुलाई सुसूचित गराउने र पृष्ठपोषण समेत लिने मुख्य उदेश्यसहित यस आ.व. २०७ ८/७९ को कार्यसम्पादन अवस्था उ ल्लेख गरी वार्षिक वुलेटिन प्रकाशन गरीएको छ। सेवाग्राहीहरु एवं अन्य सरोकारवाला व्यक्ति तथा निकायबाट प्राप्त सुझाव र सल्लाहका आधारमा ई - बुलेटिन प्रकाशन गरिने भएकोले आवश्यक पृष्ठ पोषणको लागि समेत सम्बद्ध पक्षहरुमा सादर अनुरोध गर्दछु।

रविन्द्र प्रसाद आचार्य

प्रमुख जिल्ला अधिकारी

## १. जिल्लाको परिचय:-




१.१  जिल्लाको एतिहासिक पृष्ठभूमि: गण्डकी प्रदेशमा पर्ने मनाङ जिल्ला हिमाल पारीको जिल्लाको नामले परिचित जिल्ला हो। कुल क्षेत्रफल २२४६ बर्ग कि.मी. ओगटेको यस जिल्लाको सिमाना पूर्वमा गोरखा र लमजुङ, पश्चिममा मुस्ताङ र म्याग्दी, दक्षिणमा कास्की र लमजुङ तथा उत्तरमा चिनको स्वशासित क्षेत्र तिब्वत पर्दछ। जिल्लाको भौगोलिक विकटताको साथसाथै अत्यन्तै लोभ लाग्दो  विषेशताहरुको समेत यो जिल्ला भरिपूर्ण छ। प्राकृतिक छटा तथा स्वन्दर्यताले भरिपूर्ण हिमालको काखमा अवस्थित यस जिल्लामा यहाँको सुन्दरताको बयान गर्दा अति नै मनमोहक दृष्यहरु, अग्ला भिराला पहाडहरु र उच्च हिमश्रृखलाहरु पर्दछन। यो जिल्ला लाखौं स्वदेशी तथा विदेशी पर्यटकहरुको गन्तव्य मार्ग, बहुमुल्य जडिबुटी,अपार बन सम्पदा, अथाह जलस्रोतको धनी, जैविक विविधताले भरीपूर्ण विश्वको सर्वाधिक अग्लो स्थानमा भएको रहेको तिलिचो ताल तथा असंख्य कुण्ड एवं स-साना तालहरुको बेजोड संगम भएको तथा आम्दानीको हिसाबले ५(पाचौं) स्थानमा रहेको पर्यटकीय जिल्ला हो।

## १.२.भौगोलिक स्थिती

- क्षेत्रफल : २२४६ वर्ग किलोमिटर
- अक्षांश :२८° २७' देखि २८°५४' उत्तरसम्म
- देशान्तर:८३°४७' देखि ८४°३४' पुर्वसम्म
- उचाई: समुद्र सतहको १६८० मिटर देखि ८१६३ मिटर

## १.३.सिमाना

- जिल्ला सदरमुकाम :चामे गाउँपालिका स्थीत चामे बजार देखी माडा सम्म
- पुर्व : गोरखा र लमजुङ जिल्ला
- पश्चिम: मुस्ताङ र म्याग्दी जिल्ला
- उत्तर: चिन (तिव्वत)
- दक्षिण: कास्की र लमजुङ जिल्ला

## १.४.राजनैतिकविभाजन

- निर्बाचन क्षेत्र : संघीय निर्वाचन क्षेत्र – १ तथा प्रदेश निर्वाचन क्षेत्र – २ (प्रदेश सभा निर्वाचन क्षेत्र १ अन्तर्गत चामे र नासों गाउँपालिका तथा प्रदेश सभा निर्वाचन क्षेत्र २ अन्तरगत मनाङ डिस्याङ र नार्पाभूमि गा.पा.)
- जम्मा स्थानीय तह संख्या ४: नगरपालिका – नभएको।
- गाउँपालिका – ४ ( नासों गा.पा., चामे गा.पा., मनाङ डिस्याङ गा.पा. र नार्पाभूमि गा.पा.)

### १.४.१.स्थानीय तहहरुको विवरण

| सि.नं. | गाउँपालिकाको नाम | वडा संख्या | समाहित भएका साविक गा.वि.स./न.पा. | केन्द्र |
|---|---|---|---|---|
| १. | नासों गाउँपालिका | ९ | धारापानी, थोचे र ताचै बगरछाप गरी साविकका ३ गा.वि.स. | नासों गाउँपालिका वडा नं. -३ धारापानी |
| २. | चामे गाउँपालिका | ५ | साविकको चामे गा.वि.स. | चामे गाउँपालिका वडा नं.- ४ चामे |
| ३. | नार्पाभूमि गाउँपालिका | ४ | नार र फु गरी साविकका २ गा.वि.स. | नार्पाभूमी गाउँपालिका वडा नं. ३ च्याखुँ |
| ४. | मनाङ डिस्याङ गाउँपालिका | ९ | पिसाङ, घ्यारु, ङावल, भ्राका, मनाङ, टंकीमनाङ र खाङसार गरी साविकका ७ गा.वि.स. | मनाङ डिस्याङ गा.पा. वडा नं.-४ हुम्डे |

## २.जिल्ला प्रशासन कार्यालय मनाङको मुख्य कार्यहरु

यस कार्यालयको प्रमुख कार्य जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु रहेको छ। जिल्लामा शान्ति सुरक्षा कायम गराउने र जिल्लाको प्रशासन सञ्चालन साथै जिल्लाका अन्य कार्यालय तथा स्थानीय तहहरुसँग निरन्तर सम्पर्कमा रही आवश्यक सहकारिता , सहअस्तित्व तथा समन्वयको सिद्धान्तको आधारमा सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माण कार्यको प्रभावकारीता र गुणस्तरियता बृद्धि गर्नु नै यस कार्यालयको प्रमुख ध्येय रहने छ। साथै जिल्ला प्रशासन कार्यालय मनाङका प्रमुख कार्यहरु तपशिल बमोजिम रहेका छन्।

**क. शान्ति सुरक्षा सम्बन्धी कार्य**

- जिल्लामा शान्ति सुरक्षा सुव्यवस्था कायम गर्ने गराउने।
- शान्ति सुरक्षा कायमका लागि सुरक्षा निकायहरुको परिचालन गर्ने।
- विभिन्न आपराधिक समुह र गतिविधिहरु उपर निगरानी राखी यस्ता क्रियाकलापहरु हुन नदिने।
- विभिन्न विपद् , दुर्घटना, अपराधबाट हुने क्षतीलाई न्यूनीकरण गर्न सबै सुरक्षा निकायहरुको समन्वयात्मक परिचालन गर्ने गराउने।
- लक्षित समुदायमा विभिन्न किसिमका जनचेतना र अपराध न्यूनीकरणका विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।
- जिल्लामा शान्ति सुरक्षा कायम गर्न स्थानीय तह , नागरिक समाज र सरोकालवालाहरुसगँ सहकार्य एवं समन्वय गर्ने।

**ख. स्थानीय प्रशासन सम्बन्धी कार्य**

- हातहतियार इजाजत, नामसारी, नविकरण र हस्तान्तरण सम्बन्धी कार्य गर्ने।
- विष्फोटक पदार्थ प्रयोगको इजाजत, नविकरण तथा नियमन गर्ने।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण तथा व्यवस्थापन गर्ने।
- नामथर, उमेर आदि लगायतका विवरण फरक परेमा व्यहोरा एकिन गरी प्रमाणित गर्ने।
- नावालक परिचयपत्र जारी गर्ने।
- पारिवारीक पेन्सन, शपथपत्र र रहलपहल सम्बन्धी विभिन्न सिफारिश गर्ने।
- दलित, आदिवासी जनजाती आदि सिफारिस प्रमाणित गर्ने।
- पारिवारिक विवरण तथा नाता प्रमाणित गर्ने।

- संघ संस्था दर्ता, नवीकरण, विधान संशोधन, शाखा खोल्ने अनुमति तथा नियमन गर्ने ।
- पत्रपत्रिका तथा छापाखाना दर्ता आदि ।
- जग्गा अधिग्रहण र मुआब्जा निर्धारण सम्बन्धी कार्य गर्ने ।

**ग. नागरिकता र राहदानी सम्बन्धी कार्य**

- बंशज, बैबाहिक अंगिकृत नागरिकता जारी गर्ने ।
- नागरिकताको प्रमाणपत्रको प्रतिलिपी जारी गर्ने ।
- विद्युतिय राहदानी विवरण संकलन/इनट्रोलमेन्ट, विद्युतिय राहदानी वितरण ।

**घ. अर्ध न्यायिक कार्य**

- सार्वजनिक शान्ति विरुद्धको कसुरको शरु कारवाही र किनारा गर्ने ।
- विशेष ऐनहरुबाट प्र.जि.अ.लाई प्रत्यायोजित अधिकार बमजिमका मुद्धाहरुको कारवाही र किनारा गर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान , हेलो सरकार, हेलो मुख्यमन्त्री आदिबाट प्राप्त ठाडो उजुरी तथा गुनासाहरु उपर आवश्यकता अनुसार छानविन गरी कारवाहीको लागि सम्बन्धित निकायमा पठाउने ।
- जिल्ला स्थित कार्यालयहरुमा सुशासन कायम गराउन नियमित सम्पर्क र समन्वय गर्ने गराउने ।

**ङ. बजार अनुगमन र उपभोक्ता हित सम्बन्धी कार्य**

- दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपुर्ति , पहुँच तथा गुणस्तर सुनिश्चित गर्नका लागि बजार अनुगमन तथा नियमन गर्ने ।
- उपभोक्ता हित संरक्षणको लागि कार्य गर्ने ।

**च. विपद व्यवस्थापन सम्बन्धी कार्य**

- जिल्ला विपद व्यवस्थापन समितिको बैठक सञ्चालन तथा व्यवस्थापन गर्ने ।
- विपद जोखिम न्यूनिकरण् तथा व्यवस्थापनका लागि विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।
- मनसुन आपतकालिन कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने , गराउने, विपदबाट भएको क्षतीको विवरण संकलन तथा विपद् पीडितहरुलाई राहत वितरण गर्ने ।

**छ. राष्ट्रिय परिचयपत्र सम्बन्धी कार्य**

- कार्यालयमा विभिन्न कामको लागि आउने सेवाग्राहीहरुलाई राष्ट्रिय परिचयपत्रको महत्वको बारेमा जानकारी गराउने।
- राष्ट्रिय परिचयपत्र जारी गर्नको लागि विवरण संकलन, दर्ता र व्यवस्थापन गर्ने।
- राष्ट्रिय परिचयपत्रको वितरण गर्ने।

**ज. विविध कार्य**

- हेलो सरकार, नियमनकारी निकाय तथा अन्य विभिन्न व्यक्तिहरुबाट प्राप्त हुने उजुरी तथा गुनासाहरु उपर सुरु छानविन गरी आवश्यक कारवाही गर्ने।
- विकास क्रियाकलापहरु सहज रुपमा सञ्चालन गर्न सबै सरोकारवाला निकायहरुसँग समन्वय र सहजीकरण गर्ने।
- विभिन्न सेवा प्रवाह , प्राकृतिक स्रोतको सदुपयोग तथा अन्य विषयमा विभिन्न जिल्लास्थित कार्यालयहरु र स्थानीय तहहरुसँग समन्वय गर्ने।
- जिल्लास्थित निकाय तथा अधिकारीहरुबाट प्रवाह भैरहेको सेवा प्रवाहको नियमन र अनुगमन गर्ने।
- नेपाल सरकार, गृह मन्त्रालय, प्रदेश सरकार तथा अन्य निकायबाट माग हुने विवरण पठाउने आदि।
- अन्य कुनै सरकारी कार्यालयलाई प्रष्ट नतोकिएका भैपरी आउने कार्यहरु गर्ने।

**३.सम्पादन गरेको कामको विवरण**

जिल्ला प्रशासन कार्यालय, मनाङले नियमित रुपमा संचालन गर्ने सेवा प्रवाहका क्रियाकलापहरुका अतिरिक्त सेवा प्रवाह एवं विकास व्यवस्थापनमा सकरात्मक योगदान पुर्याउने ढंगले विविध गतिविधिहरुको सुरुवातको नेतृत्व समेत गरेको छ। राज्य प्रणालीका विभिन्न अवयवहरुको पुनर्संरचनाको प्रक्रियामा रहेको यस महत्वपूर्ण घडीमा राजनीतिक परिवर्तनलाई संस्थागत गर्न तथा जनअपेक्षा अनुरुप आफ्ना क्रियाकलापहरुलाई छिटो , छरितो एवं गुणस्तरीय तुल्याई भूमण्डलीकृत विश्वमा नेपालको सार्वजनिक प्रशासनलाई प्रतिस्पर्धी तुल्याउन हाम्रा सोच , व्यवहार एवं कार्यशैलीमा समेत सोही मुताविकको परिवर्तनको आवश्यकता रहन्छ। यस अर्थमा जिल्ला प्रशासन कार्यालय , मनाङले त्यस प्रकारका नवीनता एवं सिर्जनात्मकताको प्रवर्द्धनका निमित्त केहि महत्वपूर्ण कामको सुरुवात समेत गरेको छ। कार्यालयद्धारा प्रतिवेदन अवधिमा संचालित नियमित क्रियाकलापहरुका प्रतिनिधिमूलक सूचकहरु निम्नानुसारका रहेका छन :-

## जिल्ला प्रशासन कार्यालय मनाङबाट चालु आ.व.को साउन देखि असार मसान्त सम्म सम्पादित कार्यको संक्षिप्त विवरण

### यस कार्यालयबाट सम्पादित कार्यको प्रगति विवरण

स्थानीय प्रशासन शाखा

| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | | | कैफियत |
|---|---|---|---|---|---|
| | | **पहिलो अर्धवार्षिक आ.व. ०७८।७९** | **दोस्रो अर्धवार्षिक आ.व. ०७८।७९** | **यस आ.व. ०७८।७९ को कुल जम्मा** | |
| १ | नावालकपरिचय पत्र | ५ | ५ | १० | |
| २ | कुनैव्यहोरा प्रमाणित (नाम थर एउटै , पारिवारिक, जनजाती सिफारिस, पेन्सन सिफारिस ) | १३ | १० | २३ | |
| ३ | हातहतियार इजाजत | ० | ० | ० | |
| ४ | हातहतियार नामसारी | १८ | १ | १९ | |
| ५ | हातहतियार नविकरण | १६ | ३१ | ४७ | |
| ६ | हातहतियारइजाजत खारेज | १ | ० | १ | |
| ७ | सीमा पास उपलब्ध गराउने | ० | ० | ० | |
| ८ | सीमा पास नवीकरण | ० | ० | ० | |
| ९ | विष्फोटकपदार्थ अनुमति | 0 | ० | ० | |
| १० | विष्फोटकपदार्थ अनुमति नविकरण | ० | ३ | ३ | |
| १२ | ठाडो उजुरी दर्ता | २ | ३ | ५ | |
| १३ | ठाडो उजुरी फछर्यौट | २ | ३ | ५ | |
| १४ | कार्यालय छड्के | १२ | २ | १४ | |
| १५ | जिल्ला सुरक्षा समितिको बैठक | २० | २२ | ४२ | |
| १६ | Dccmc-ops बैठक | ५ | २ | ७ | |
| १७ | कर्मचारी बैठक | ६ | ६ | १२ | |
| १८ | कार्यालय प्रमुख बैठक | ८ | ८ | १६ | |
| १९ | विपद् व्यवस्थापन समिति | ३ | ३ | ६ | |
| २० | विविध बैठक (मुआब्जा,समन्वय बैठक लगायतका बैठकहरु) | ३ | ४ | ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | अन्तर जिल्ला सुरक्षा समन्वय बैठक | १ | २ | ३ | |
| २२ | स्थानीय तह सदस्य निर्वाचन सुरक्षा समन्वय बैठक | 0 | १३ | १३ | |
| २३ | जिल्ला निर्वाचन सेलको बैठक | 0 | १७ | १७ | |
| २४ | गृह मन्त्रालय, अन्य मन्त्रालय एवं विभिन्न निकायमा पत्रचार गरिएको हालसम्म चलानी गरिएको पत्रसंख्या | २२३ | ३९२ | ६१५ | |
| २२ | सूचना प्रकाशन | ७ | ८ | १५ | |

मुद्दा शाखा

| क्र.सं. | सम्पादन गरेको काम | कामकोपरिमाण | कैफियत |
|---|---|---|---|
| | | **आ.व. २०७८/०७९ को श्रावण १ देखी असार मसान्त सम्मको** | |
| १ | मुद्दादर्ता | १ | |
| २ | मुद्दाको अन्तिम किनारा | २ | अघिल्लो आ.व.बाट जिम्मेवारी सरी आएका २ वटा अभद्र व्यवहार मुद्दाको फैसला भएको। |
| ३ | संस्था दर्ता | १ | |
| ४ | संस्था नविकरण | १७ | |
| ५ | संस्थाकोविधान संशोधन | ० | |

नागरिकता तथा प्रतिलिपि शाखा

| क्र.सं. | सम्पादन गरेको काम | कामको परिमाण | | |
|---|---|---|---|---|
| | | **आ.व. ०७८/७९ को श्रावण १ देखी २०७९ असार मसान्त सम्म** | | |
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | वंशजको नाताले नागरिकता वितरण | १०१ | ९० | १९१ |
| ३ | बैबाहिक अंगीकृत नागरिकता वितरण | 0 | 0 | 0 |
| ४ | नागरिकता प्रतिलिपी वितरण | ८१ | ८६ | १६७ |

| राहदानी शाखा | | |
|---|---|---|
| क्र.सं. | **सम्पादन गरेको काम** | **कामको परिमाण** |
| | | **२०७८ साल साउन १ देखी २०७९ असार मसान्त सम्मा** |
| | | **जम्मा** |
| १ | राहदानी फाराम संकलन | १४ MRP |
| २ | राहदानी वितरण (जि.प्रशा.का.बाट) | १४ MRP |
| | | २८ ई- पासपोर्ट (जिल्ला प्रशासन कार्यालय मनाङमा विद्युतिय राहदानी सेवा ०७९ असार १ देखी सूरु) |
| ३ | द्रुत राहदानी वितरणका लागि राहदानी विभागमा सिफारिस | ६४ |
| ४ | विद्युतिय राहदानीका लागि विवरण संकलन/ इन्ट्रोलमेन्ट र भ्यालिडेसन | ५२ (जिल्ला प्रशासन कार्यालय मनाङमा विद्युतिय राहदानी सेवा ०७९ असार १ देखी सूरु) |

| लेखा शाखा | | | | |
|---|---|---|---|---|
| क्र.सं. | **विवरण** | **कामकोपरिमाण** | | **कैफियत** |
| | | **अघिल्लो आ.व. ०७७।७८** | **यस आ.व. २०७८/७९ को श्रावण १ देखी ०७९ असार मसान्त सम्म** | |
| राजस्व संकलन तर्फ | | | | |
| २ | हातहतियारको इजाजतपत्र दस्तुर | २५,३२५ | ३,७३,८५०।०० | |
| ३ | अन्य प्रशासनिक सेवा शुल्क | १२०० | ३५,०००।०० | |
| ४ | प्रशासनिक दण्ड जरिवाना | १२५० | ०।०० | |
| ५ | न्यायिकदण्ड , जरिवाना र जफत | ० | ०।०० | |
| ६ | परीक्षा दस्तुर | ११०० | ८००।०० | |
| ७ | धरौटी सदर स्याहा | ० | ४,०००।०० | कैफियत |
| ८ | बेरुजु | २९,५५९ | २०,०००।०० | |
| ९ | राहदानी दस्तुर | १,००,००० | ३,७०,०००।०० | |
| **जम्मा** | | १,९४,०३४।०० | ८,१८,७७५।०० | |

कार्यालयको खर्च सम्बन्धी विवरण

| क्र.सं. | बजेट शिर्षक | आ.व. २०७८/२०७९ | | | कैफियत |
|---|---|---|---|---|---|
| | | बजेट | खर्च | प्रतिशत | |
| १ | चालु खर्च | १,३६,३३,०००।०० | ९३,२१,७३१।१६ | ६८.३७ | |
| २ | पुँजीगत खर्च | १,५१,३०,०००।०० | १,३७,२६,७१८।०० | ९०.७२ | |
| ३ | राष्ट्रिय परिचयपत्र तर्फ | ८,५५,०००।०० | ७,७५,४४०।०० | ९०.६९ | |

विपद् प्रभावितलाई राहत वितरण

| क्र.सं. | **विवरण** | **आ. व २०७८/०७९ मा कामको परिमाण** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | **गण्डकी प्रदेश सरकारबाट प्राप्त** | **संघीय सरकार NDRRMA बाट प्राप्त** | **कुल जम्मा** | |
| १ | मनसुन जन्य विपद् का कारण पूर्ण रुपमा क्षति भएका निजी आवास पुनर्निमार्ण अनुदान राहत वितरण रु. | १,२२,००,०००।०० | ३३,७५,०००।०० | १,५५,७५,०००।०० | |
| २ | राहत वितरण गरिएको घरधुरी संख्या | ६१ | ४५ | - | |
| ३ | विपद्का कारण मृत्यू भएकाको परिवारलाई राहत वितरण(नासों -४ मनाङमा हिमपहिरोमा परी मृत्यू भएकाको परिवारलाई) | - | २,००,०००।०० | २,००,०००।०० | |

राष्ट्रिय परिचयपत्र दर्ता स्टेशन

| क्र.सं. | **सम्पादन गरेको काम** | **कामकोपरिमाण** | | |
|---|---|---|---|---|
| | | **२०७८ श्रावण १ देखी २०७९ असार मसान्त सम्म** | | |
| | | **महिला** | **पुरुष** | **जम्मा** |
| १ | राष्ट्रिय परिचयपत्र विवरण संकलन | १८६ | १८१ | ३६७ |

माथि उल्लेखित कार्यालयद्वारा सम्पादित नियमित कार्यक्रमहरूको अतिरिक्त जिल्ला प्रशासन कार्यालयद्वारा सम्पादित केही प्रतिनिधिमूलक कार्यहरू निम्नानुसारका रहेका छन:-

### ३.१ प्रमुख जिल्ला अधिकारीबाट जिल्लाका सुरक्षा निकायको अनुगमन तथा निरीक्षण सम्पन्न

प्रमुख जिल्ला अधिकारी रविन्द्र प्रसाद आचार्य बाट यस आ.व. २०७८/७९ मा जिल्ला प्रहरी कार्यालय , मनाङ तथा जिल्ला प्रहरी कार्यालय मातहतका प्रहरी चोकीहरु र शसस्त्र प्रहरी बल नेपाल नं. ३२ गुल्म हेक्वा चामे मनाङको अनुगमन तथा निरीक्षण सम्पन्न भयो। सो अनुगमनको क्रममा प्रमुख जिल्ला अधिकारीबाट कार्यालयको समग्र ,भौतिक पक्ष, मानवीय पक्ष , संचार पक्ष , भौतिक प्राप्ति र प्रवाहको प्रणाली , मुद्धा व्यवस्थापन , गुनासो व्यवस्थापन लगायतका विषयवस्तुहरुका बारेमा जानकारी लिई प्रहरी जनशक्तिलाई जनताको जिउ धन रक्षाको लागि निस्पक्ष ढंगबाट उच्च मनोवलका साथ काम गर्न निर्देशन समेत दिनुभएको थियो।

### ३.२ दैनिक प्रगति विवरण प्रकाशन सम्बन्धमा

सर्वसाधारण जनतालाई सुसूचित गराउने मूख्य उद्धेश्यका साथ यस आर्थिक वर्ष देखि जिल्ला प्रशासन कार्यालय मनाङको विभिन्न शाखाबाट सम्पादन हुने कार्यको विवरण तथा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा भएका दैनिक गतिविधिहरु प्रत्येक दिन सामाजिक संजाल मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यमार्फत जिल्ला प्रशासन कार्यालय, मनाङले सम्पादन गर्ने कार्यहरुमा थप पारर्दशिता कायम हुने विश्वास लिइएको छ।

### ३.३ प्रमुख जिल्ला अधिकारीबाट कारागार कार्यालय मनाङको अनुगमन

आ.व. ०७८/७९ मा प्रमुख जिल्ला अधिकारी श्री रविन्द्र आचार्य को नेतृत्वमा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुबाट ४ पटक कारागार कार्यालयको अनुगमन तथा अनुगमन तथा निरीक्षण भयो। सो अवसरमा प्रमुख जिल्ला अधिकारीले कारागार कार्यालय मनाङको समग्र , भौतिक पक्ष , मानवीय पक्ष , कैदी बन्दी लगायतका विषयवस्तुहरुका बारेमा जानकारी लिई कैदी तथा थुनुवा बन्दीहरुसंग छलफल तथा अन्तर्क्रिया गर्नु भएको थियो। साथै कारागार कार्यालय मनाङको नवनिर्मित भवन अधुरो र सुधार गर्नुपर्ने पक्षको पटक-पटक निरिक्षण अनुगमन गरी सम्बन्धित निर्माण व्यवसायी र निर्माण कार्यको अनुगमन गर्ने संघीय आयोजना कार्यान्वयन ईकाई कास्की लाई सो को सूधारका लागि आवश्यक कार्य अगाडी बढाउन निर्देशन समेत भएको।

### ३.४ प्रमुख जिल्ला अधिकारीबाट हिमपात तथा अत्याधिक चिसोबाट अतिविपन्न नागरिकलाई न्यानो कपडा वितरण

**यस आ.व. ०७८/७९** मा प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यको नेतृत्वमा जिल्ला सुरक्षा समितिका सदस्यहरु सहितको टोलीले चामे गाउँपालिका र मनाङ डिस्याङ गाउँपालिका भित्रका अति विपन्न नागरिकहरुलाई हिमपात तथा अत्याधिक चिसोबाट बचाउनका लागि न्यानो कपडा (ज्याकेट) वितरण तथा संक्षिप्त अन्तर्किया समेत भएको थियो।

## ३.५ प्रमुख जिल्ला अधिकारी को पहलमा माननीय गृह मन्त्रीज्यूको मनाङ जिल्लामा विपद् पश्चातको अनुगमन निरिक्षण

**यस आ.व. ०७८/७९** मा प्रमुख जिल्ला अधिकारी श्री रविन्द्र आचार्यज्यू जिल्ला प्रशासन कार्यालयमा हाजिर भए पश्चात प्रमुख जिल्ला अधिकारीको पहलमा माननीय गृह मन्त्री बालकृष्ण खाँडज्यूबाट गत वर्षको बाढी पहिरोका कारण मनाङ जिल्लामा भएको विपद्को क्षति र पुनर्निर्माण तथा पुनर्स्थापनाका लागि आगामी दिनमा चाल्नुपर्ने कदमको बारेमा जिल्लाको सदरमुका चामे तथा नार्सो गाउँपालिकाको ताल क्षेत्रको स्थलगत अनुगमन तथा निरिक्षण तथा अन्तर्क्रिया सम्पन्न भयो।

## ३.६ लौंगिक हिंसा विरुद्धको १६ दिने अभियानको सन्दर्भमा विविध कार्यक्रम तथा अन्तर्क्रिया

प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्य को अध्यक्षतामा यस आ.व.मा ५ लौंगिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा अन्तर्क्रिया कार्यक्रम, जनचेतना मुलक सूचना तथा सन्देश प्रवाह साथै जिल्ला प्रशासन कार्यालय, मनाङमा मैनबत्ती प्रज्वलन गरी समापन भएको।

## ३.७ उपभोक्ता अधिकारको हितका लागि बजार अनुगमन

यस आ.व. मा उपभोक्ताको हक हितको संरक्षणका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा उद्योग बाणिज्य संईका पदाधिकारी मनाङ जिल्ला स्थित रहेका उपभोक्ता हकहितमा कार्यरत संघसंस्थाका पदाधिकारी तथा कार्यालयका कार्यालय प्रमुखहरु समेतको उपस्थितमा वृहत क्षलफल तथा अन्तर्क्रिया सम्पन्न भएको साथै सहायक प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला सदरमुकाम स्थित चामे बजार क्षेत्रमा २ पटक बजार अनुगमन गरिएको ।

## ३.८ मनाङ ङिस्याङ गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई स्थानीयतहबाट प्रवाह हुने सेवा तथा सुशासन सम्बन्धमा अभिमुखीकरण तालिम

मनाङ ङिस्याङ गाउँपालिकामा स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात निर्वाचित नयाँ जनप्रतिनिधी तथा गाउँपालिका र गाउँपालिका भित्रका वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई २ दिवसिय नागरिकता सिफारिस, गाउँपालिका र वडा कार्यालयबाट प्रवाह हुने सेवा प्रवाह सरल र सहज रुपमा प्रवाह होस भन्ने मुल धेयका साथ स्थलगत रुपमा गाउँपालिकाको केन्द्र हुम्डेमा गई प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्लाका सुरक्षा निकाय प्रमुख सहितको सहभागितामा नागरिकता, सामाजिक सुरक्षा, लागूपदार्थ दुरव्यशन नियन्त्रण तथा समग्र सुशासनका विषयमा अभिमुखीकरण कार्यक्रम मिति २०७९ जेठ महिनामा सम्पन्न भएको थियो।

## ३.९ अपांग मैत्री कार्यालय र सेवाग्राही प्रतिक्षालय निर्माण:

यस आ.व. ०७८/७९ मा जिल्ला प्रशासन कार्यालयमा सेवा लिन आउने अपाङ्गता भएका नागरिकहरुलाई सहयोग पुगोस् भन्ने उदेश्यका साथ कार्यालय अपाङ्गता मैत्री बनाईएको साथै सार्वजनिक सेवा लिन आउने सेवा ग्राहीहरुलाई बर्षा, हिउँको समयमा पनि सेवा लिन आउने बातावरण बनाउन उदेश्यका साथ सेवाग्राही प्रतिक्षालय निर्माण गरी सकिएको छ।

### ३.१० विद्यालय शिक्षा कार्यक्रम:

माध्यामिक तहमा अध्ययनरत छात्रछात्राहरुलाई लागूपदार्थ दुर्व्यशन, लैंगीक हिंसा नियन्त्रण र बाल बालिकाको हकको कार्यान्वयनका सन्दर्भमा विद्यार्थीहरुलाई जनचेतना र सचेत गराउने उदेश्यका साथ लोकप्रिय माध्यामिक विद्यालयमा २ पटक एक दिवसिय विद्यालय शिक्षा कार्यक्रम यस आ.व. ०७८/७९ मा सम्पन्न गरिएको।

### ३.११ मनाङ जिल्लाको आयोजनामा लमजुङ, गोरखा, तनहुँ र मनाङ जिल्ला विच अन्तर जिल्ला समन्वय बैठक सम्पन्न

मिति २०७८।०५।०५ गते जिल्ला प्रशासन कार्यालय , मनाङको आयोजना मा मनाङ र लमजुङ जिल्लाको सुरक्षा समिति विच अन्तर जिल्ला समन्वय जिल्ला प्रशासन कार्यालय मनाङमा सम्पन्न भयो। साथै मिति २०७९/०२/२६ गते जिल्ला प्रशासन कार्यालय मनाङको आयोजना साथै प्रमुख जिल्ला अधिकारी श्री रविन्द्र आचार्यको अध्यक्षतामा गोरखा, लमजुङ तथा तनहुँ जिल्लाका प्रमुख जिल्ला अधिकारीज्यूहरु तथा चारै जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थिति रहेको थियो।उक्त अवसरमा अन्तर जिल्ला हुनसक्ने अपराध रोकथाम , नियन्त्रण, शान्ति सुरक्षा लगायत विविध विषयमा छलफल भएको थियो।

### ३.१२ विपद् व्यवस्थापन :-

मनाङ जिल्लामा गत वर्ष मनसुनजन्य विपद्का कारण ठुलो जनधनको क्षति भएको थियो। विपद् पश्चात विपद् व्यवस्थापनका लागि प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला स्थित सुरक्षा निकायका प्रमुख तथा पूर्वाधार विकास कार्यालयका प्रमुखहरु सहितको टोलिबाट जिल्लाका चारै स्थानीयतहरुको स्थलगत रुपमा अवलोकन तथा निरिक्षण सम्पन्न भएको थियो। विषेश गरी नार्सो गाउँपालिकाको ताल गाउँ बचाउनका लागि प्रमुख जिल्ला अधिकारीबाट सकृयताका साथ कार्य गर्न गराउन लगाई स्थलगत प्रतिवेदन तयार गरी तालुक केन्द्रिय निकायमा पठाई सकिएको छ। लोकप्रिय माध्यामिक विद्यालयलाई वर्षा र बाढी पहिरोबाट थप क्षति हुन नदिन विशेष सक्रियताका साथ समन्वय र सहकार्य गरी विद्यालयको भौतिक संरचना बचाउनका लागि आवश्यक कार्य अगाडी बढेको छ। तिमाङ खोला झरनामा जोखिमपूर्ण अवस्थामा लडेर रहेका रुखहरु जिल्ला स्थित सुरक्षा निकायका सुरक्षाकर्मीहरु लाई लिएर स्वयंम प्रजिअ स्थलगत रुपमा गई सो जोखिमपूर्ण रुखका मुढा हटाई सम्भावित क्षतिबाट बचाउन सफल भएको।

### ३.१३ जिल्लाको विकास निर्माणमा सुरक्षा तथा समन्वय:

यस आ.व. भित्र प्रमुख जिल्ला अधिकारीबाट चामे र नार्सो गाउँपालिको सीमामा पर्ने तिमाङ खोला झरनामा जोखिमपूर्ण रहेका २ वटा काठेपुल विस्थापित गरी मनाङ जिल्लाको एक मात्र स्थलमार्ग वेशीसहर-चामे सडक खण्डमा २ वटा पक्की पुल निर्माण दिगोविकासका साथ छिटो गुणस्तरिय रुपमा सम्पन्न गर्नका लागि निर्माण अवधिभर नियमित स्थलगत अवलोकन निरिक्षण गरी सफलतापूर्वक निर्माण सम्पन्न गरी सुरक्षित यात्राको प्रबन्ध हुन पुगेको। साथै प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा निकायबाट रुग्ण र अलपत्र अवस्थामा रहेका जिल्लाका भौतिक पूर्वाधार निर्माण परियोजनाहरुको स्थलगत अवलोकन र निरीक्षण गरी अलपत्र रहेका विकास आयोजनाहरु पुन निर्माण कार्य सूचारु गराउने कार्य भएको।

## ३.२४ कोरोना भाइरस रोकथाम नियन्त्रण तथा व्यवस्थापनको लागि भए गरेका कार्यहरु:

### कोरोना भाइरस कोभिड-१९ रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागि जिल्लामा गठित संरचना( कमाण्ड पोष्ट,CCMC-OPS) बैठकबाट भएका प्रमुख निर्णयहरु:

- स्थानीय तहहरुमा कोरोना भाइरसको संक्रमण रोकथामका लागि दैनिक भए गरेका गतिविधिहरुको एकिकृत विवरण तयारको लागि प्रत्येक स्थानीय तहमा Focal Person व्यवस्था गर्न लगाई सूचना आदानप्रदान गर्ने कार्य भइरहेको।
- जिल्लाभित्र प्रवेश गर्ने नाकामा स्थानीय तहहरुसंगको समन्वयमा Health Desk स्थापना गरी जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको चेकजाँच तथा अभिलेख राख्ने कार्यलाई व्यवस्थित बनाइएको।
- कोभिड-१९ व्यवस्थापनका लागि भएका कार्यहरुको अनुगमन गरी पृष्ठपोषण उपलब्ध गराउन सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको संयुक्त अनुगमन टोलीलाई क्रियाशिल बनाइएको।
- जिल्ला प्रवेश गर्ने व्यक्तिहरुलाई प्रवेश गर्ने विन्दुमा नै होल्डिङ सेन्टर स्थापना गरी सम्बन्धित स्थानीय तहलाई जिम्मा लगाउने व्यवस्था मिलाइएको ।
- कोभिड-१९ को संक्रमण जोखिम न्यूनिकरणको लागि व्यापार ,व्यवसाय संचालन गर्दा अपनाउनु पर्ने स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण पालनाको लागि यातायात व्यवसायी , व्यापारी , उद्योगी स्वंयमलाई जिम्मेवार बनाइएको।
- नेपाल सरकारले तोकेको बैकल्पिक विधिमार्फत शैक्षिक गतिविधि संचालन गर्न सम्बन्धित स्थानीय तहहरुलाई लेखि पठाइएको।

- **अन्य कार्य तथा व्यवस्थाहरु**

१. कार्यालयमा विचौलिया प्रवेश पुर्ण रुपमा निषेध गरिएको छ।

२. हुने काम भन्नै पर्दैन, नहुने काम हुदैं हुदैंन भन्ने नारा कार्यान्वयनमा ल्याईएको छ।

९. जिल्लाप्रशासनकार्यालयबाट संचालित विभिन्न गतिविधिहरुको प्रतिनिधिमूलक तस्विरहरु







मानननीय गृह मन्त्रीज्यूबाट मनाङ जिल्लाको विपद् व्यवस्थापन सम्बन्धी अनुगमन



**नवनिर्मित कारागार निरिक्षण**

राष्ट्रिय योजना आयोगमा माननीय उपाध्यक्ष तथा गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष सँगको अन्तक्रिया तथा छलफल




**मनाङ, गोरखा, लमजुङ र तनहुँ जिल्ला विच भएको अन्तर जिल्ला सुरक्षा समन्वय बैठक**



## लोकप्रिय मा.वि.मा विद्यालय शिक्षा कार्यक्रम






## अमेरिकी राजदुत आवासबाट मनाङ जिल्लामा विपद् व्यवस्थापन सामग्री हस्तान्तरण पछि अन्तर्क्रिया



•

प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

समन्वय बैठक

मिति: २०७९।०३।३०

जिल्ला प्रशासन कार्यालय, गोरखा